# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष–३ | अंक–१९ | २०७५ मंसिर १२ गते बुधबार | 28 November 2018 Wednesday | मूल्य रु. १०/-



कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्नु वा गराउनु हुदैन । यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाए हुनेछ ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय


सूचना तथा प्रसारण विभाग


## कर्णाली करिडोरमा ९३ 'किलोमिटर ट्र्याक ओपन'

**मिसन न्यूज**

**कालिकोट -** राष्ट्रिय योजना आयोगकाको टोलीले कर्णाली करिडोरको अनुगमन गरेको छ। बहुचर्चित कर्णाली करिडोरको निर्माण कार्यको अवस्था बुझ्न आयोगकोले अनुगमन गरेको हो। राष्ट्रिय योजना आयोगका सदस्य, मिनबहादुर शाही र शुसिल भट्टलगायतको टोलीले करिडोरको अनुगमन गरेको हो। नेपाली सेनाले निर्माण गरिरहेको कर्णाली करिडोरको प्रगति सन्तोसजनक रहेको राष्ट्रिय योजना आयोगका सदस्य मिनबहादुर शाहीले बताए। उनले भने, 'नेपाली सेनाले चट्टान छिचोलेर सडक निर्माण गरेको छ। यसका लागि नेपाली सेनालाई धन्यबाद छ।

चालु आर्थिक वर्षमा बजेट २० करोड मात्र विनियोजन भएकाले कर्णाली करिडोरमा बजेट अभाव हुने देखिन्छ।' राष्ट्रिय योजना आयोगकोले अर्थ मन्त्रालयसँग १ अरब बजेट विनियोजन गर्न पहल गर्ने शाहीले बताए। कर्णाली करिडोर निर्माण कार्य पुरा भए राष्ट्रलाई नै समृद्धितिर उन्मुख गराउने भएकोले बजेट विनियोजनमा प्राथमिक्तामा राख्नु पर्ने आयोगका सदस्य शाहीले बताए। नेपाली सेनाले हालसम्म ९३ कलिमिटर सडकको ट्र्याक खुला गरेको छ। करिडोरमा अधिकांस चट्टाने भिरको ट्र्याक खोल्ने काम सकिएको छ। विभिन्न निर्माणमा ८३ करोड बजेट खर्च गरेको छ।' चालु आर्थिक बर्षमा २० करोड बजेट विनियोजन गरिएको प्रमुख



कर्णाली करिडोर स्थित कालिकोटको लालिघाटमा सडक अनुगमन गर्दै अयोगको टिम।

चुनौति र कठिनाइको बिचमा नेपाली सेनाले सडक निर्माणको गतिलाई निरन्तरता दिएको छ। कर्णाली करिडोर निर्माण कार्य पुरा गर्न २ अरब ८४ करोड १६ लाख अनुमानित बजेट रहेको कर्णाली करिडोर सडक निर्माण कार्यदलका प्रमुख 'मेजर' मिलन कार्कीले बताए। उनले भने, 'आर्थिक बर्ष २०७४/०७५ मा नेपाली सेनाले सडक कार्कीले बताए। कार्कीले भने 'कर्णाली करिडोर नेपाली सेनाले केहि महिना भित्र सडक विभागलाई हस्तान्त्रण गर्ने तयारी गरेको छ। कालिकोटको खुलालु देखि जिते नजिकैसम्म डेढ किलोमिटर र हुम्ला र कालिकोटको सिमा क्षेत्रमा आधा किलोमिटर गरि साढे दुइ किलोमिटर मात्र बाँकी रहेको छ।'

बाँकी ८ पृष्ठमा.....

## विमानस्थल एक महिनादेखि बन्द

**मिसन न्यूज**

**कालिकोट -** स्तरोन्नतिका लागि बन्द गरिएको जुम्ला विमानस्थल एक बित्दा समेत सञ्चालनमा आएको छैन । कात्तिक ८ देखि बन्द गरिएको विमान स्थल निर्माण कार्य पूरा नहुँदा सञ्चालनमा नआएको हो।



ठेकेदारले स्तरउन्नतिको काममा ढिलाइ गरेकाले विमान स्थल सञ्चालनमा समस्या भएको स्थानीय नरबहादुर बुढ्थापाले बताए । 'ठेकेदारले स्तरउन्नतिको काममा ढिलाइ गरेको छ,' उनले भने, 'त्यसतर्फ कसैको ध्यान गएको छैन।' स्तरउन्नतिको काम नसकिएको भन्दै निर्माण कम्पनीले केही समयको माग गरेको विमानस्थल प्रमुख कैलाश शर्माले बताए। 'नेपाल नागरिक उड्डयन प्राधिकरण केन्द्रीय कार्यालयको आदेश पर्खेर बसेको छौं,' उनले भने, 'हिउँदको महिनामा कालोपत्रे नटिक्ने भएकाले पिचको काम तीव्र रुपमा अघि बढेको छ।'

## मिडवाइफरी पढाउँदै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

**मिसन न्यूज**

**जुम्ला -** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा नर्सिङअन्तरगर्त स्नातक तहको मिडवाइफरीको पढाइ सुरु हुने भएको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा नर्सिङ अन्तरगत स्नातक तहको मिडवाइफेरी कार्यक्रमको मंगलबार उपराष्ट्रपति नन्द किशोर पुनले उद्घाटन गरे।

उद्घाटन कार्यक्रममा बोल्दै उपराष्ट्रपति पुनले स्वास्थ्य क्षेत्रमा कर्णाली प्रदेशलगायत जुम्ला राम्रो हुँदै गएको बताए। उनले भने,' आम नागरिकको स्वास्थ्यमा सुधार ल्याउनका लागि



प्रतिष्ठानले राम्रो काम गरेको छ भन्ने विश्वास गरेको छु।' यस क्षेत्रको समग्र विकासका लागि आफ्नो तर्फबाट सहयोग र समर्थन रहने र सरोकारवाला निकायलाई ध्यानाकर्षण गराउने उपराष्ट्रपति पुनले प्रतिबद्धता व्यक्त गरे । कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारीले उद्घाटन कार्यक्रममा बोल्दै अथक प्रयासका साथ सिंगो कर्णाली प्रदेशको स्वास्थ्यको सुधारका लागि जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरी नर्स डाक्टर उत्पादन गर्ने थलोको रुपमा विकास गरिएको बताए। उनले भने,' हिजोका दिनमा यहाँको स्वास्थ्य अवस्था दयनीय थियो, तर आज त्यो अवस्थाले कोल्टे फेर्दै गएको छ।

प्रतिष्ठानमा स्नातक तहको मिडवाइफरी कार्यक्रम हुँदैछ, यसको पठनपाठनका लागि आजैका दिनबाट सुरुवात भएको छ। क्रमश प्रतिष्ठान आफ्नो गतिमा अघि बढीरहेकोले यसमा कोहि कसैले खुट्टा तान्ने चेष्टा नगर्दा उपयुक्त हुने मन्त्री भण्डारीको बताए। पूर्व राज्यमन्त्री

बाँकी ८ पृष्ठमा.....

# 'क्रमागत रूपमा काम गरि रहेकै छौं'

**उदयराज अधिकारी**

**दैलेख –** नेपाल मजदुर किसान पार्टीबाट विद्यार्थी राजनीति गर्न सुरु गरेकी सावित्री मल्ल २०५३ सालमा नेकपा एमाले पार्टी संगठित सदस्य हुँदै एमालेका जनवर्गीय संगठन अखिल नेपाल महिला संघ जिल्ल्ला कमिटीमा राजनीति गर्दै २०५४ को स्थानीय निर्वाचनमा वडा सदस्य निर्वाचित भइन्। जिल्ला विकास समितिको मनोनीत क्षेत्रपाल सदस्य भएर पार्टी जिल्ला कमिटी सदस्य बन्दै पार्टीको सचिवालय सदस्य बनिन्। जननिर्वाचित उपप्रमुख बन्दै अहिले प्रदेश पार्टी कमिटी सदस्य बनेकी मल्ल २०६२र०६३ को जनआन्दोलनमा समेत सक्रिय थिइन्। अहिले नारायण नगरपालिकाको उपप्रमुख पदमा निर्वाचित भएकी सावित्री मल्लसँग स्थानीय तहको निर्वाचनमा विजयी भएर डेढ वर्षको अवधिमा गरेका काम र निर्वाचनको समयमा जनतासँग गरेका प्रतिवद्धता पूरा गर्न बनाएका योजना के कति सफल भए भन्ने विषयमा केन्द्रित भएर पत्रकार उदयराज अधिकारीले गरेको कुराकानी प्रस्तुत छ। **कार्यकालको दुई वर्ष पुग्न केही महिना बाँकी छ, यस अवधिसम्म सम्झनलायक केके काम गर्नुभयो ?** हामीले थुप्रै कामहरू गर्‍यौं, थुप्रै कामहरू भन्नाले बाटो, पानीका मात्र कुराहरू नभएर सबै आमनगरबासीहरू को हितमा हुने समृद्ध नगर र सुखी नगरबासीहरू स्वस्थ शहरबासीहरू लगायतका हामीले राम्रारामा सम्झनलायक कामहरू गरेका छौं। शिक्षामा पनि थुप्रै काम गरेका छौं। नयाँ काम भनेको स्वास्थ्य क्षेत्रमा मेरो आफ्नै अध्यक्षतामा स्तनपान कक्षको स्थापना गरेकी छु। यो कर्णाली प्रदेशकै नमुना काम हो। अहिले बाहिरबाट आउने कर्मचारी सेवाग्रहीहरू कुनै अन्य महिलाहरू आउनुभयो भने स्तनपान कक्षमा बच्चाबच्चीहरूलाई स्तनपान गराउनुहुन्छ। अर्को काम 'असल आमा' भन्ने एउटा कार्यक्रम जोडेर असल आमाहरूलाई पनि भेला गराएर पुरस्कार दिएर सम्मान गरेका थियौं। वृद्धवृद्धाहरूलाई सम्मान गर्ने कार्यक्रम पनि गरेका थियौं। सबै काम एकैचोटि नहुने भएकाले क्रमागत रूपमा गरिरहेकै छौं। **घोषणापत्रमा दैलेख जिल्ला अस्पतालाई सुविधा सम्पन्न अस्पताल बनाई १०० शैयाको अस्पतालका रूपमा स्तरोन्नति गरिनेछ भन्नुभएको रहेछ। त्यो काम सुरु भयो कि भएन ?** घोषणापत्रमा सय शैय्या भनेर जुन कुरा बोलेका थियौं, अहिले पचास शैय्यासम्म बनाउने काम अगाडि बढेको छ। त्यो काम गर्न हामीलाई नगरको बजेटले मात्र नपुगने भएकाले नगरबाट विशेष गरेर सम्बोधन पनि गरेका छौं। प्रदेश, संघ र तिनै तहका सरकारसँग यो काम गर्नलाई सहयोग मागेका छौं। हामीले अहिलेको वर्ष पचास शैय्याको बनाउने भनेर प्रतिबद्धता जाहेर गरेका छौं र काम पनि अगाडि बढाइरहेका छौं। अहिले नै सय शैय्याको बनाउन नसके पनि पाँच वर्षभित्र त्यो काम पूरा गर्नेछौं। **तपाईं अनुगमन समितिको संयोजकका हिसाबले नगरपालिकाले संचालन गरेका विभिन्न विकास निर्माणका काममा कति गुणस्तरीयता पाउनुभएको छ ?** नगरबासीहरूले पनि भन्नुहुनेछ। म आफैं उपप्रमुखको संयोजकत्वमा गरेका जुन अनुगमनका कामहरू छन्, जाली बुन्नेबाट स्टिमेटअनुसारका कामहरू भए भएनन् भनेर आफैं गएर वडा वडामा अनुगमन गरेकी छु। नारायण नगरपालिकामा ११ वटा वडा छन्। ११ वडामा सबैभन्दा राम्रो नमुनायोग्य काम भएको छ भनेर म भन्दिनँ किनभने आफैं अनुगमनको संयोजक आफैंले बजेट व्यवस्थापन गर्ने, आफैंले अनुगमन गरेर कहाँ राम्रो कहाँ नराम्रो भनेर भन्नुपर्छ भनेर जनताबाट पनि कुरा आइरहेको छ। राम्रो कामको मूल्यांकन भएको छ। नराम्रो काम रोक्नुहोस् भनेर रोकिराखेका छौं। **अहिलेसम्म नभएका कति कामहरूको भुक्तानी रोक्नुभयो ?** नभएका कामहरू हेर्नुपर्छ। स्टिमेटअनुसार काम भएको छ कि छैन ? दिन मिल्ने बिल हो कि होइन ? हामीले क्राइटेरिया तोकेका छौं। हामीले अनुगमन गरेर यो काम ठीक भएको छ, भुक्तानी दिनुहोस् भनेका छौं। ठीक भएको छैन भने भुक्तानी नदिनुहोस्, स्टिमेटमा जति काम भएको छ, त्यतिको मात्र भुक्तानी दिनुहोस् भन्छौं। नभएका कामहरूको भुक्तानी रोकेका छौं। काम सिध्याउनुहोस् र भुक्तानी लिन आउनुहोस् भनेर बेलाबेला भनी पनि रहेका छौं। **भनेपछि नारायण नगरपालिकाभित्र भएका विकास निर्माणका कामहरू सबै ठीक छन् ?** सबै ठीक छन् भनेर भन्न मिल्दैन किनभने कतिपय बाटा अधुरै छन्। बर्खामा गिट्टी बालुवा ल्याउन गाह्रो भएका कारण सबै काम आधाआधा मात्र भएका छन्। ठीक छ पनि भन्न सकिँदैन, सबै काम गुणस्तरीय छन् पनि भन्न सकिँदैन। केही राम्रा कामहरू पनि छन्। राम्रा कामहरू मैले भनिसकें। हामीले बोलेका कुराहरू पूरा गर्ने हो। पाँच वर्षभित्र पूरा गर्ने तयारीमा छौं। दोस्रो नगरसभाबाट हामीले हालेका योजनाहरू सबै सुचारु रूपमा भइरहेका छन्। **घोषणापत्रमा दैलेखको कोटिलामा मानव निर्मित ताल बनाउँछौं भन्नुभएको थियो। मानव निर्मित तालको डिपिआरकै काम सुरु गर्नुभएको छैन। कहाँ अड्किएको छ ?** त्यो डिपिआरको काम सुरु हुनका लागि हामी दुल्लु नगरपालिकामा गएर दुल्लु नगरपालिकाको कार्यपालिका बोर्ड बैठकमा बसी एउटा समन्वय भएको छ। दुल्लु १० र ११ का वडा अध्यक्ष, यहाँ १ र ९ का वडा अध्यक्ष, प्रमुख र उपप्रमुखको एउटा समिति गठन गरेका छौं। अब पञ्चकोसी तालको डिपिआरको काम सुरु हुन्छ। पञ्चकोसी ताल निर्माणका लागि हामीलाई प्रदेशबाट ३५ लाख रुपैयाँ आएको छ। नारायण नगरपालिकाबाट २५ लाख रुपैयाँ विनियोजन भएको छ। छिट्टै काम अगाडि बढाउँछौं। **तपाईं उपप्रमुख महिला, तपाईंको नगरपालिकाले महिलामैत्री केके कार्यक्रम संचालन गरेको छ ?** म महिलाको मात्र उपप्रमुख नभई सबै नगरबासीको उपप्रमुख हुँ। सबै नगरबासीका कामहरूको जिम्मेवारी छ। मैले अघि पनि भनें, बाटो, बत्ती, पानी मात्र विकासका काम होइन। महिलाका लागि स्तनपान कक्ष सुरु भयो। असल आमाहरूलाई सम्मान र पुरस्कृत गर्ने कार्यक्रम पनि अगाडि ल्यायौं। अन्य सीपमूलक कार्यक्रम धेरै पहिलेबाट गर्दै आएका छौं। टपरी बुन्ने, हाते हुजियारीका कामहरू, एकल महिलाका कामहरू अगाडि बढाइरहेका छौं। सिलाइ बुनाइका कामहरू अगाडि बढाइरहेका छौं। प्रत्येक वडामा ती कार्यक्रमहरू सुरु भइरहेका छन्। नीति तथा कार्यक्रमभित्र पनि उहाँहरूको बजेटलाई सम्बोधन गरेर बजेटको व्यवस्थापन पनि गरेका छौं। **संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले बनाएका कानुनले न्याय सम्पादन गर्न कतिको गाह्रो भएको छ ?** त्यति गाह्रोचाहिँ छैन। अधिकार भन्ने हो भने थुप्रै छन्। अहिलेको प्रदेश कानुन नबनिरहेको अवस्थामा उपप्रमुखलाई न्यायिक समितिको संयोजक तोकेर पठाएको छ। हामीलाई १२/१३ वटा मुद्दा मात्र हेर्ने अधिकार दिइएको छ। प्रदेश सरकारले अझै फेरि अर्को कानुन बनाउँदै छ। हाम्रो नारायण नगरपालिकामा कानुनी सल्लाहकार नराखिरहेको अवस्था छ। इजलास पनि छैन। यो न्यायिक समितिका अधिकारहरू केके हुन् भन्ने कुरा पनि मिलिरहेका छैनन्। न्यायिक समितिमा हामी तीन जना छौं। म संयोजक, दुई जना वडा अध्यक्षहरू सदस्य हुनुहुन्छ। आएका मुद्दाहरू मेलमिलाप गर्दै पठाउँदै गरेका छौं। कतिपय मुद्दाहरू हामीले लिखित गर्दै पठाउँदै गरेका छौं। दिनमा चार/पाँचवटा मुद्दाहरू आइरहेका हुन्छन्। यहाँ मुद्दा जसले ल्याएर आउनुहुन्छ, दुवै पक्षलाई बोलाएर

**बाँकी ४ पृष्ठमा..**

## सातको भाग्यफल

**मेष** : प्रारम्भमा विशेष अवसर प्राप्त भए पनि सहयोगीहरूको भरपर्दा पछि परिनेछ। साइनो गाँस्नेहरूले पनि दुःख दिन सक्छन्। काम बिग्रने डरले सताउनेछ।

**वृष** : प्रारम्भमा बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा दिलाउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता हुन सक्छ।

**मिथुन** : इच्छाशक्ति बढ्नुका साथै लक्ष्यप्राप्त गर्ने साहस जुट्नेछ। सरल जीवन शैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ। मित्रहरूको सहयोगले हौसला प्रदान गर्नेछ।

**कर्कट** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला।

**सिंह** : सुरुमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। परिवारजनका आवश्यकता पूरा गर्न सकिनेछ।

**कन्या** : बेलामा हिम्मत गर्न नसक्दा काममा विलम्ब हुन सक्छ। आफ्नैले पनि धोका दिन सक्छन्। केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

**तुला** : अरूका काममा जुट्नुपरे पनि आफैंलाई फाइदा हुनेछ। हिम्मत गर्दा प्रतिष्ठित जिम्मेवारी हातपार्न सफल भइनेछ।

**वृश्चिक**: प्रारम्भमा अस्वस्थताका बीच कामको बोझ बढ्नेछ। केही चुनौती पनि देखिनेछन्। तापनि अप्ठ्यारा परिस्थितिलाई सुल्झाउन सकिनेछ।

**धनु** : सुरुमा प्रियजनसँग भेटघाट हुन सक्छ। रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। आतिथ्यपूर्ण सम्मान प्राप्त भए पनि खर्चको मात्रा बढ्नेछ।

**मकर**: प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ। खर्च लागे पनि मिहिनेतले विशेष अवसर हात पार्न सकिनेछ।

**कुम्भ** : आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। आँटले चिताएको काम सम्पादन हुनेछ। अध्ययनतर्फ मिहिनेतले राम्रै उपलब्धि दिलाउन सक्छ।

**मीन** : प्रारम्भमा केही चुनौती देखापरे पनि आफन्तको साथ प्राप्त हुनेछ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउलान्।

# पाउडर बनाउने जडिबुटी हामीसंग छन् - मुख्यमन्त्री शाही

**मिसन न्युज**

**कालिकोट -** कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णाली प्रदेशको समग्र विकासको पहिलो आधार नै कृषि क्षेत्र रहेको बताएका छन् । मंगलबार कृषि ज्ञान केन्द्र कालिकोटको कार्यालय उद्घाटन गर्दै मुख्यमन्त्री शाहीले यस्तो बताएका हुन् ।

गृह जिल्लामा साविकको जिल्ला कृषि विकास कार्यालयलाई मुलुकको नयाँ संघीय संरचनाअनुसार कृषि ज्ञान केन्द्रका रुपमा उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीले कर्णाली प्रदेशमा कृषि क्षेत्रको प्रचुर सम्भावना रहेको बताउँदै कृषि क्षेत्रलाई व्यवस्थित र व्यवसायिक नबनाएर समग्र प्रदेशको विकास र समृद्धिको अभियान पूरा नहुने बताए । उनले कालिकोटको मात्र नभई सिंगो कर्णालीको विकासका लागि कर्णाली प्रदेश सरकार श्रोतको अभाव हुन नदिने बताउँदै मुख्यमन्त्री शाहीले सबै खालको हावा पानी पाइने कालिकोटमा व्यवसायिक कृषितिर सबैको ध्यान जानुपर्ने बताए । उनले सबै किसिमका सम्भावना हुँदाहुँदै पनि यहाँका नागरिकको जीवनस्तर पछाडी रहेको बताउँदै यहाँका चाउरिएका गालाहरु कृषि क्षेत्रले नै हराभरा बनाउने बताए । उनले भने', कालिकोटमा हरेक किसिमका पाउडर बनाउन प्रयोग हुने जडिबुटीहरु प्रशस्त छन् । शरीरलाई तन्दुरुस्त बनाउने खालका कृषिजन्य उत्पादनहरु पनि यहाँ छन् । अब कृषि क्षेत्रलाई व्यवस्थितरुपमा अगाडी बढाएर सबैको अनुहारमा चमक ल्याउनुपर्छ । जनतालाई उत्पादनमुलक काममा नजोडी समृद्धि प्राप्त हुँदैन ।' मुख्यमन्त्री शाहीले भने, 'कृषि, उद्योग, पर्यटन, जडिबुटी लगायतका क्षेत्रमा उत्पादनमुलक योजना आवश्यक छ । प्रदेश योजना आयोगले प्रदेशको बहुआयामिक विकासका लागि अल्पकालिन र दीर्घकालिन योजना निर्माणको काम थालनी गरिसकेको बताउँदै मुख्यमन्त्री शाहीले तीनवटै तहको सहकार्यमा कर्णालीको विकास अभियान अगाडि बढ्ने बताए । उनले कालिकोट जिल्लाको तल्लो भागदेखि माथिल्लो भागसम्म आँप, केरा, सुन्तलादेखि स्याउसम्म उत्पादन भइरहेको बताउँदै यसको सदुपयोग हुन नसकेको बताए । उनले सबै खालको हावापानी पाउने जिल्लामा सबैखालका कृषि उत्पादनको व्यवसायिक खेतीलाई किसानले पहिलो प्राथमिकता दिनुपर्ने बताउँदै यसका लागि सरकारले पनि सहयोग गर्ने बताए ।

बाँकी ८पृष्ठमा....



कृषि ज्ञान केन्द्र कालिकोटको उद्घाटन गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही ।


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआैं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## 'क्रमागत रूपमा काम.................

मिलापत्र गरेर पठाउने गरेका छौं । जनतालाई खुसी बनाएर पठाउने काम गरेका छौं । **घोषणापत्रमा हरेक वडाका विधालयमा कम्तीमा एक नमुना सार्वजनिक शौचालय निर्माण गरिनेछ भन्नुभएको रहेछ। काम कहाँसम्म पुग्यो ?** प्रत्येक विद्यालयमा सार्वजनिक शौचालय छ। अहिले हाम्रो छुट्टै अभियान के छ भने छात्रा र छात्रको छुट्टाछुट्टै शौचालय बनाउने भन्ने हो। हामी यस अभियानमा लागिरहेका छौं । नगर प्रमुखको संयोजकत्वमा नगर शिक्षा समिति गठन भएको छ । विद्यालय अनुगमन हुन्छ । विद्यालयहरूमा ट्वाइलेट छैन भने हामीले ट्वाइलेट बनाउने बजेटको व्यवस्थापन गरेका छौं । अब दुई वर्ष होइन, तेस्रो नगरसभाभित्र हामीले यहाँका सबै ११ वटा वडाहरुका विद्यालयमा नमुना सार्वजनिक शौचालय बनाउनेछौं । **कार्यकालको चार वर्षमा नारायण नगरपालिकालाई के दिएर जानुहुन्छ ?** जनताका इच्छा, आकांक्षा जुन छन, जुन जनताले हामीलाई भोट दिएर जिताउनु भएको छ, उहाँहरूको इच्छाअनुसारका काम गर्न सक्छौं। चार वर्षको अवधिमा यहाँहरूले देख्न सक्नुहुनेछ। हामीले समृद्ध नगर स्वच्छ नगरबासी बनाउनेछौं । चक्रपथको अवधारणा छ। यो नारायण नगरपालिकामा चक्रपथको अवधारणा बनाएका छौं । कोटिलाको पञ्चकोसी ताल बनाउने, कोतगढीहरूको संरक्षण गर्ने, भुर्तीमा रहेको पञ्चदेवललाई पर्यटकीय स्थल बनाउने योजनामा छौं। पर्यटनका विज्ञहरू आउनुभएको छ, उहाँहरूबाट पनि अवलोकन भइरहेको छ। हामीले यिनै कुराहरूलाई प्राथमिकतामा राखेर काम गरिरहेका छौं । थप जनताका आवश्यकताअनुसार जुन बेला जनतालाई आवश्यकता पर्छ, त्यो कामको सम्बोधन गर्नेछौं । बाँकी रहेको चार वर्षमा नमुना नगरपालिका बनाएर छाड्नेछौं। **युवाहरूलाई रोजगार बनाउने, उद्यमशीलता विकास गर्ने भन्नुभएको छ। यसबारे के हुँदै छ ?** हामीले शिक्षा को क्षेत्रमा बजेट व्यवस्थापन गरेका छौं । युवाहरूलाई विभिन्न तालिमहरू दिएर सर्भेक्षण गरेर के रुचि छ, कसरी युवाहरूलाई विदेश जानबाट रोक्न सकिन्छ, उहाँहरूको रुचिअनुसार के काम गर्न सक्नुहुन्छ बुझ्नेछौं । कुनै वडामा भैंसीपालन, कुनैमा बाखापालन र कुनैमा कृषि खेती, हाउस वाइरिङ तालिम पनि दिएका छौं । पहिले विकास निर्माणका काम गर्नलाई पनि बाहिरबाट मान्छे ल्याउनुपर्थ्यो । हामीले यहाँका युवाले यही ठाउँमा रोजगारी पाऊन् भन्ने उद्देश्यले विभिन्न रुचिअनुसारका तालिम दिएर रोजगारी दिइरहेका छौं । थाहाखबरबाट


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)

अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट


# स्वास्थ्य

## समयमा शौच नगर्दा के हुन्छ ?



मानव स्वास्थ्यमा गम्भीर असर पार्ने दिसा- पिसाबको व्यवस्थापनमा सरकार उदासीन हुँदा सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर परिररहेको छ । समयमा दिसा-पिसाब नगरेमा विभिन्न रोग लाग्न सक्छ भने त्यही दिसा-पिसाब जहाँ पायो त्यही गरेमा सरुवा रोग पनि लाग्न सक्छ । तामझामका साथ खुला दिसामुक्त जिल्ला घोषणा गरिए पनि जिल्लाका सार्वजनिकस्थलमा पर्याप्त शौचालय नभएकाले सर्वसाधारणले कष्ट व्यहोर्दै आएका छन् । जिल्ला समन्वय समितिका संयोजक कृष्ण डल्लाकोटी स्थानीय तहको विकास भनेको ढल निकास र कालोपत्रे मात्रै ठानिदिँदा अन्य विषय ओझेलमा परेको बताउँछन्। सार्वजनिक शौचालय आवश्यक भएर पनि नबनाइँदा सर्वसाधारणले सास्ती व्यहोर्नु परेको छ भन्दै उहाँ मुख्य शहरी क्षेत्रमा किनमेलका लागि आउने र लामो दूरीमा यात्रा गर्नेहरू व्यवस्थित शौचालय अभावमा जताततै शौच गर्न बाध्य हुनुपरेको बताउँछन् ।

**समयमा शौच नगर्दा के हुन्छ**

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका उपनिर्देशक मूत्ररोग विशेषज्ञ डा निर्मल लामिछाने दिसा-पिसाब समयमै गर्नुपर्ने बताउँछन् । उनका अनुसार मूत्रथैलीमा २०० मिलिलिटर पिसाब पुगेपछि शौच गर्न मन हुन्छ । यो पिसाब बढेर ३५० मिलिलिटर पुगेपछि मानिस पिसाब च्यापेर शौचालय खोज्न थाल्दछ । यती गर्दा पनि पिसाब फेर्न नपाएमा पिसाब थैलीबाट मिर्गौलातर्फ पिसाब फर्किने उनले बताए। मिर्गौलाबाट दुई वटा नली हुँदै पिसाब बगेर पिसाब थैली भरिन्छ । समयमा पिसाब नफेरेमा फर्किएर पुनःमिर्गौलामा फर्किने हुँदा यसबाट मिर्गौलामा दबाब भइ पिसाब छान्न समस्या हुने डा लामिछानेको भनाइ छ। लामो समयसम्म पिसाब नफेर्ने गरेमा दीर्घकालीनरुपमा मिर्गौलाको समस्या देखिने र दिसा पनि समयमा नगर्दा दिसाको पानीको मात्रा कम हुँदै जाने र गोटा पर्नाले थप जटिलता थपिनेमा उनी जोड दिन्छन् ।

**खुला दिसा-पिसाब गरे के हुन्छ ?**

खुला ठाउँमा दिसा-पिसाब गर्दा झाडापखाला, कमलपित्त, आउँ, हैजा, विषमज्वरोजस्ता रोग लाग्न सक्छन्। नेपाल चिकित्सक सङ्घका जिल्लाअध्यक्ष तथा वरिष्ठ फिजिसियन डा प्रकाश खतिवडा खुला ठाउँमा दिसा-पिसाब गर्दा पानीमा मिसिएर महामारी रोग फैलिन सक्ने बताउँछन् । झिङ्गामार्फत् त्यस्ता रोग सर्ने र भयावह हुन सक्ने भएकाले शौचालयमा मात्रै दिसाब पिसाब गर्न र त्यसपपछि राम्रोसँग हात धुनपर्नेमा उनको सुझाव छ ।

एक ग्राम दिसामा एक करोड भाइरस, १० लाख ब्याक्टेरिया, एक हजार परजीवी र १०० जुकाको अण्डा हुनसक्ने बताइन्छ । घातक रोग लगाउने यी जीवाणुलाई आँखाले राम्रोसित देख्न सकिँदैन। दिसाजन्य रोगका कारण वर्षेनी झाडापखालालगायत प्रकोप फैलिने गरेका छन् । यस्ता रोगले सयौंको ज्यान जाने गरेको छ ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

महावै गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

# जनता आफै लाग्नुपर्ने : मुख्यमन्त्री शाही

**मिसन न्यूज**

**कालिकोट**– जिल्लाको दोस्रो सभामा बोल्दै कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रवहादुर शाहीले विकास 'डोनर' ले होईन जनताले गर्नुपर्ने बताए। जिल्ला समन्वय समिति कालीकोटद्धारा आयोजित दोश्रो जिल्ला सभाको उद्घाटन गर्दै मुख्यमन्त्री शाहीले विकास र समृद्धिको अभियानमा जनतालाई एकजुटमा लैजाने बताएका छन्। मुख्यमन्त्री शाहीले स्थानीय तहका जनप्रतिनिधिहरुलाई सम्वोधन गर्दै भने 'जनताले आफ्नो अमुल्य भोट दिएर सरकार तिर पठाएका हुन् , तपाई हामि जनता तिरै फर्किनुपर्छ ।'

विकासीय अभियानमा दातृनिकायको सहयोगी भुमिका मात्र हुने वताउदै जनतालाई साथमा नलिई विकास र समृद्धिको अभियान पुरा हुन नसक्ने उहाँको भनाई छ। कर्णाली प्रदेशका मुख्यमन्त्री शाहीले नकारात्मक सोच र राजा र रैटाको शैलीले जनताको विश्वास आर्जन गर्न नसकिने वताउदै जनप्रतिनिधिहरु जनताको सेवकका रुपमा रहनुपर्ने धारणा राख्नुभयो। कालीकोटको मात्र नभई सिंगो कर्णालीको विकासका लागि आफुले आर्थिक श्रोतको अभाव हुन नदिने वताउदै मुख्यमन्त्री शाहीले श्रोतको सदुपयोग र दिगो विकासमा ध्यान दिन आग्रह गरे। 'जनतालाई उत्पादन मुलक काममा नजोडी समृद्धि प्राप्त हुदैन।' मुख्यमन्त्री शाहीले भने, 'कृषि, उद्योग, पर्यटन तथा जडिवुटी लगायतका क्षेत्रमा



उत्पादनमुलक योजना निर्माण गरेर कार्य तफ लम्कीनुहोस् विकासमा कुनै वाधा आउदैन् ।' कर्णालीको योजनावद्ध विकासका लागि प्रदेश सरकारले योजना आयोग गठन गरिसकेको वताउदै मुख्यमन्त्री शाहीले नतिजामुखी र नमुना काम गर्ने अठोट व्यक्त गरे । प्रदेश योजना आयोगले प्रदेशको वहुआयामिक विकासको लागि अल्पकालीन र दिर्घकालीन योजना निर्माणको काम थालनी गरिसकेको वताउदै मुख्यमन्त्री शाहीले तिनवटै तहको सहकार्यमा कर्णालीको विकास अभियान अगाडि वढ्ने बताए। विकटता र गरिविले चिनिएको कर्णालीलाई सुन्दरता र सम्भावनाको कर्णालीको रुपमा परिचित गराउन वर्षको आरम्भमै प्रधानमन्त्रीलाई रारामा वोलाएको वताउदै मुख्यमन्त्री शाहीले कर्णालीको विकास केन्द्र सरकारको समेत प्राथमिकतामा रहेको वताए । सभामा वोल्दै स्थानीय तहका जनप्रतिनिधिहरुले कर्मचारी अभावको कारण आफुहरुलाई काम गर्न गाह्रो भएको गुनासो गरेका छन्। कर्मचारी आपुर्तीमा केन्द्र सरकारले उदासिनता देखाएको भन्दै जनप्रतिनिधिहरुले प्रदेश लोकसेवा आयोग गठन गरेर कर्मचारी भर्ना गर्न प्रदेश सरकारलाई आग्रह गरेका छन् ।

यसैगरि जिल्ला सभा सफलताको शुभकामना दिदै जिल्ला स्थित राजनैतिक दलका नेता तथा नागरिक अगुवाहरुले कालीकोटको विकास र समृद्धिको लागि सुनथराली विमानस्थलमा हवाई यातायात सुचारु गर्नुपर्ने, कर्णाली लोकमार्गको स्तरोन्नती र सडक पुल निर्माण कार्य तत्काल पुरा हुनुपर्ने, गुणस्तरीय रोजगारमुलक शिक्षाको व्यवस्था गर्नुपर्ने, साना तथा मझौला उद्योगहरुको विकास गर्नुपर्ने, पर्यटन र आधुनिक कृषि प्रणालीको विकास गर्नुपर्नेमा प्रदेश सरकारको ध्यानाकर्षण गराएका छन्। कार्यक्रममा प्रतिनिधिसभा सदस्य दुर्गबहादुर रावत, राष्ट्रियसभा सदस्य जिवन वुढा, नरपति सुनार, प्रदेशसभा सदस्य कुर्मराज शाही र सोशीला शाही लगायतको उपस्थिति रहेको थियो ।

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआौं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**प्रमुख प्रशासकीय अधिकृत**
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## फ्रान्समा मूल्य वृद्धिविरुद्धको प्रदर्शन



**पेरिस –** पेट्रोलियम पदार्थमा बढ्दो मूल्य वृद्धिविरुद्ध फ्रान्सको राजधानी पेरिसको सडकमा उत्रिएका प्रदर्शनकारीलाई तितरबितर पार्न प्रहरीले अश्रुग्यास र पानीको फोहोरा प्रहार गरेको छ। देशमो पेट्रोलियम पदार्थमा भइरहेको मूल्य वृद्धिविरुद्ध गरिएको प्रदर्शनको दोस्रो साता शनिबार राजधानी पेरिसमा उत्रिएका प्रदर्शनकारीलाई तितरबितर पार्नका लागि प्रहरीले ठूलो मात्रामा अश्रुग्यास र पानीको फोहोरा प्रहार गरेको बिबिसीले उल्लेख गरेको छ। पहेंलो भेस्ट लगाएर प्रदर्शनमा उत्रिएका प्रदर्शनकारी र प्रहरीबीच पेरिसको च्याम्पस–एलिसीमा झडपभएको बताइएको छ। प्रदर्शनकारी सहरको अति नै संवेदनशील क्षेत्रमा प्रवेश गर्न खोजेपछि प्रहरीले उनीहरुलाई रोक्ने खोज्दा झडप भएको बिबिसीले उल्लेख गरेको छ। प्रदर्शनमा हजारौं प्रदर्शनकारी को सहभागिता रहेको अनुमान गरिएको छ। प्रदर्शनकारीलाई रोक्नका लागि तीन हजार प्रहरी अधिकारी खटाइएको फ्रान्स प्रहरीलाई उद्धृत गर्दै बिबिसीले उल्लेख गरेको छ। पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिविरुद्ध निरन्तर भइरहेको अन्तर्गतको पछिल्लो चरणलाई आयोजकले 'एक्ट टू' नाम दिएका छन्। पहेंलो ज्याकेट भनेर चिनिने प्रदर्शनकारीहरु परैबाट देखिने पहेंलो रंगको पहिरनमा प्रदर्शनमा उत्रिएका छन्। उनीहरुले डिजेलको मूल्यमा वृद्धि भएको भन्दै सरकारविरुद्धमा प्रदर्शन गरिरहेको छन्। च्याम्पस–एलिसीमा प्रहरी ले लगाएको फलामको बारमाथि प्रदर्शनकारी चढ्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको सरकारी अधिकारीहरुले बताएका छन्। प्रहरीले प्रदर्शनकारीलाई सिमित क्षेत्र तोकेर सो क्षेत्रमा प्रवेश नगर्न सुरुमा चेतावनी दिएको बताइएको छ। सो क्षेत्रमा प्रधानमन्त्री को आधिकारिक निवास भएकाले पनि प्रहरीले प्रदर्शनकारीबाट हुन सक्ने सम्भावित घटना रोक्ने बल प्रयोग गरेको बताएको छ।

# ज्ञानमाला

१. नेपालमा राष्ट्रिय गौरवका ठूला आयोजना कतिवटा छन् ?
- २१ वटा
२. महिला हिंसा विरुद्धको उर्लदो सय करोड अभियानका प्रस्तावक को हुन् ?
- Oe एन्सलर
३. खुल्ला दिशा मुक्त घोषणा हुने नेपालको पहिलो जिल्ला कुन हो ?
-कास्की
४.नेपालमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र कहिले देखि सुरु भएको हो
-२०७० बैशाख २
५. १७ औं एसियायी खेलकुदमा पहिलो स्थानमा रहन सफल राष्ट्र कुन हो ?
- चीन
६. साहित्य तर्फको नोवेल पुरस्कार २०१४ कसलाई प्रदान गरियो ?
- Patrick Modianon
७. महिला नेत्री सहाना प्रधानको निधन कहिले भयो ?
- २०७१ असोज ७
८. हालसम्म सार्क महासचिव नभएको एकमात्र सार्क राष्ट्र कुन हो ?
- अफगानिस्तान
९. नेपालमा हाल कति जिल्लामा नगर पालिका छैनन् ?
- ८ जिल्ला
१०.श्रीलंकाको राष्ट्रिय जनावर कुन हो
- सिंह
११ नेपालमा पहिलो पर्वतिय खेलकुद महोत्सवको आयोजना कहिले गरिएको थियो ?
- वि.सं २०६९ फागुन १८ देखि चैत्र १८ सम्म
१२ गायक फत्तेमान राज भण्डारीको निधन कहिले भएको थियो ?
- वि.सं २०७० भदौ २५ गते
१३ एक गाउँ एक उत्पादन कार्यक्रमको शुरुवात कुन देशबाट भएको हो ?
- जापान
१४ भारतका सम्राट अशोकले लडेको एकमात्र युद्ध कुन हो ?
- कलिङ्को युद्ध
१५ इतिहासको बत्ती भनेर कुन देशलाई चिनिन्छ ?
- ग्रिस
१६ नेपालका राष्ट्रिय विभूति अमरसिहं थापाको मृत्यु कुन ठाउँमा भएको थियो
- गोसाईकुण्ड
१७ नेपाल र चिन बीचको रसुवागढी नाका कहिलेबाट सञ्चालन गरिएको हो
- वि.सं २०७१ मंसिर १५ गते


रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।
रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसावारीको स्थापना गरौं।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट

सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# कर्णालीको समृद्धिका लागि नयाँ 'विकास मोडल'

**मिसन न्यूज**

**सुर्खेत -** आधाभन्दा बढी नागरिक गरिबीको रेखामुनी रहेको कर्णालीको समृद्धिका लागि विकासको नयाँ मोडल ( खाका) बनाइने भएको छ । हालै गठन भएको प्रदेश योजना आयोगले अब कर्णालीमैत्री योजना मात्र तर्जुमा गर्ने र विकासको नयाँ मोडल बनाउने भएको हो । यसका लागि आयोगले कर्णाली प्रदेशको प्रोफाइल तयार पार्ने निर्णय गरेको छ । प्रदेश सरकारले हालै कर्णालीमा योजना आयोग गठन गरेको थियो । आइतबार आफ्नो पदभार ग्रहण गर्दै आयोगका नवनियुक्त पदाधिकारीले अब कर्णाली सुहाउँदो विकास योजना निर्माण गर्ने प्रतिबद्धता जनाए । कर्णालीको स्रोत साधन र जनशक्ति परिचालन गर्दै यहाँको भूगोल सुहाउँदा योजना मात्र तर्जुमा गरिने आयोगले जनाएको छ । कर्णालीको समृद्धि सम्भव रहेको भन्दै आयोगले अब कर्णालीमा विकासको नयाँ मोडल बनाउने निर्णय गरेको हो । यसका लागि कर्णालीमा विगतको अवस्था र हालको अवस्था समेटेर मानचित्र बनाइने छ । त्यही मानचित्रका आधारमा विकासको नयाँ मोडल लागू गरिने आयोगको भनाइ छ । प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ल्याएको


कर्णालीमा प्रदेश योजना आयोगका नवनियुक्त पदाधिकारी ।

विकास बजेटको खर्च हालसम्म शून्य छ । यस्तो अवस्थामा प्रदेश योजना आयोगले तत्कालका लागि विकास बजेटको कार्यान्वयन गर्नेगरी वार्षिक योजना निर्माण गरिने जनाएको हो । आयोगका उपाध्यक्ष डा. पुण्यप्रसाद रेग्मीले विगतमा काठमाडौंमा निर्माण भएका योजना कर्णालीमा कार्यान्वयन हुन नसकेको भन्दै अब कर्णालीमैत्री योजना निर्माण गरिने बताए । उनले भने, 'कर्णालीमा धेरै सम्भावना छन्, स्रोत र साधन पनि पर्याप्त छ । अब हामीले यहाँको माटो सुहाउँदो विकास योजना निर्माण गर्नेछौं, कर्णालीमैत्री योजना बनाएर केही वर्षभित्रै विकसित कर्णाली बनाउने हाम्रो अठोट छ ।' अब आयोगले काम सुरु गरिसकेको भन्दै उनले तत्कालका लागि बजेट कार्यान्वयनको गाँठो फुकाउन वार्षिक योजना बनाउने बताए । यस्तै पञ्चवर्षीय योजना निर्माण गरिने र कर्णालीको भिजनपत्र पनि सार्वजनिक गर्ने आयोगले जनाएको छ । हाल गरिब भए पनि कर्णालीको मुहार बदल्ने गरी योजना बनाउने उपाध्यक्ष रेग्मीको भनाइ छ । यस्तै आयोगले अब प्रदेशमा विकास बजेटको कार्यान्वयन र पूर्वाधार विकासका काममा भइरहेको सुस्ताताबारे पनि तीव्र अनुगमन गर्ने जनाएको छ । अनुगमनको अभावमा आयोजना अलपत्र परेको भन्दै आयोगले अब अनुगमनलाई कडाइ गरिने जनाएको हो । आयोगका नवनियुक्त उपाध्यक्ष डा. पुण्यप्रसाद रेग्मी, सदस्य डा. दिपेन्द्र रोकाय र योगेन्द्रबहादुर शाहीलाई मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले आइतबार पद तथा गोपनीयतको शपथ खुवाएका हुन् । आयोगका पदाधिकारीले आइतबार नै पदभार ग्रहण गरेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्

**बाँकी ८ पृष्ठमा..**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

# कर्णाली करिडोरमा ९३ किलोमिटर ट्रयाक

### चट्टानसँग लुकामारी

कर्णाली करिडोरमा नेपाली सेनाले चट्टानसंग भिड्दै सडक निर्माण गरेको छ। नेपाली सेनाको सडक निर्माण कार्य दलले कर्णाली करिडोरको अधिकांस चट्टाने भिरमा ट्रयाक खोलेको छ। वर्षौंसम्म अलपत्र परेको सडक नेपाली सेनाले ट्रयाक खोलेपछि कर्णालीवासीको मुहारमा खुसीको सिमा छैन। दुई दशकसम्म अलपत्र परेको कर्णाली करिडोर सेनाले निर्माण गर्न थालेपछि तिव्र गतिमा निर्माण भईरहेको हो। कर्णाली करिडोर अन्तर्गतको खुलालुदेखि हुम्ला सिमीकोटसम्म १९६ किलोमिटर सडकको लम्बाइ रहेको नेपाली सेनाको निर्माण कार्यदलले जनाएको छ। कर्णाली करिडोर निर्माणका लागि नेपाल सरकारले १ अर्ब ४८ करोड ११ लाख १६ हजार बजेट व्यवस्थापन गरेको थियो। कर्णाली करिडोरको १ सय ४५ किलोमिटर खुलालुदेखि हुम्लाको सलीसल्लासम्म नेपाली सेनालाई निर्माणको जिम्मा दिइएको छ। रोग भोक र गरिबीले उदाहरण बनेको कर्णाली अव भने समृद्धिको परिचय दिने भएको छ। कालिकोट देखिको दुरी हेर्दा पहिलाको तुलनामा निर्माणको गति निकै पढ्दो छ। कर्णाली करिडोरअन्तर्गतको हिल्सा-सिमकोट खण्ड छोटिँदै गएको छ। करिडोरको सान्नीगाडमा 'बेलिब्रिज' निर्माण भएपछि कालिकोटमा गाडी संचालनमा सहज भएको छ। हुम्लामा बेलीब्रिज हुँदा हिल्सादेखि ओखरथलासम्म गाडी चल्न सहज भएको छ। ओखरथलामा गत वर्षमै ट्रयाक खुलिसकेको थियो। हिल्सादेखि ओखरथलासम्म सडक खुलेपछि स्थानीय बासिन्दाका गाडी गुड्ने गरेको सेनाले बताएको छ।

### कर्णालीको मुहार फेरिँदै

कर्णाली करिडोर निर्माण कार्य पुरा भएमा पर्यटनमा पहिलो प्राथमिकतामा पर्ने भएको छ। छिमेकी प्रदेश र छिमेकी देश भारत र चिनबाट पनि पर्यटक कर्णाली करिडोरमा आवागमन गर्ने भएकाले पर्यटनको सम्भावना रहेको छ। कर्णाली करिढडोर निर्माण पुरा भए कर्णाली प्रदेशकै आर्थिक समृद्धिको प्रमुख आधार सडक हुने भएको छ। भौगोलिक विकटताले पछि परेको कर्णालीका विकट जिल्लाम सडकको पहुँच पुगेपछि आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा सडक रहेको छ। कर्णाली प्रदेशको विकासको मुख्य गेट कर्णाली करिडोर भएको यहाँ जानकारहरु बताउँछन्। सात वटा प्रदेश मध्यकै छिमेकी देशसँग नाका नभएको प्रदेश कर्णाली हो। तर, कर्णाली करिडोर निर्माण कार्य पुरा भएमा चिनसंगको नाका नजिक पर्ने भएको छ।

कर्णाली करिडोरले चिनसँगको सिमाना जोडिएको हुम्लाको हिल्सादेखि भारतसँग सिमाना जोडिएको बाँकेको जमुनाहसम्म उत्तर दक्षिण जोड्ने सबैभन्दा छोटो दुरीको सडक बन्नेछ। यसको कुल लम्बाई ५ सय ३० किलो मिटर रहने छ। सडक खण्ड निर्माण भए भारतबाट हुम्लाको मानसरोवर आउने पर्यटकको लागि अत्यान्तै छोटो दुरी सडक बन्ने छ।

### आर्थिक उन्नती

ठेकेदार र सडक विभागले लापरवाही गर्ने भएकाले सरकाले नेपाली सेनालाई सडक निर्माणको जिम्मा दिएको कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्दबहादुर शाहीले बताए। विगतका वर्षमा बजेट अभावले काम बन्द हुने भएपछि नेपाली सेनालाई निर्माणको जिम्मा दिएको हो। रकम धेरै लगानी काम सुन्य भएपछि सेनालाई सडक विभागले दिएको हो। सेनाले जिम्मा नलिनु पुर्व ठेकेदारको लापरवाहीले काम नगर्दा करोडौं बजेट फ्रिज जाने गरेको थियो।

करिडोरको खुलालु-हुम्ला सिमिकोटमा सडक विभागले आर्थिक वर्ष ०६५ र ०६६ देखि काम सुरु गरे पनि लक्ष्यअनुसार कामको प्रगति देखिएको थिएन्। कर्णाली करिडोर सडक निर्माण पुरा भएपछि कालिकोट कर्णालीपारिका साविक १७ गाविससहित बाजुरा, मुगुको पश्चिम भेक र हुम्लाबासीको विकासको मुख्य पुर्वाधार सडकको सपना साकार हुने भएको छ। कालिकोटको जितेहँदै लालिघाटदेखि रेगील शान्नीगाड र भुराबगरको अफठ्यारो चट्टान फोर्दै हिल्सासम्म ९३ किलोमिटर ट्रयाक खुलाउँदा स्थानीय दंग भएका छन्।

## कर्णालीको समृद्धिका लागि

कार्यालयका निमित्त प्रमुख सचिव कलानीधि पौडेलले कर्मचारीको अभाव, भौगोलिक विकटता, बजेट कार्यान्वयन हुन नसकेको र स्थानीय, प्रदेश र केन्द्र सरकारबीच समन्वयन हुन नसक्नु कर्णालीका मुख्य समस्या रहेको भन्दै सोही अनुसारका योजना बनाउनुपर्ने सुझाव दिए। अन्नपुर्णबाट

## पाउडर बनाउने जडिबुटी हामिसँग छन्

कार्यक्रममा प्रतिनिधिसभा सदस्य दुर्गबहादुर रावत, राष्ट्रियसभा सदस्य जीवन बुढा, नरपति सुनार, प्रदेशसभा सदस्य कुर्मराज शाही र सुशीला शाहीलगायत अन्य स्थानीय तहका प्रमुखको पनि उपस्थिति रहेको थियो।

## मिडवाइफरी पढाउँदै कर्णाली

बलबहादुर महतले कार्यक्रमा बोल्दै 'नाना दुखले आर्जेको प्रतिष्ठान होइन, यहाँबाट चुडेर बाहिर लिने भन्ने कानले सुनेको छु, तर त्यो सम्भब नभएको बताए।' उनले कसले कसरी चुँडेर लान्छन् भन्दै आक्रोश व्यक्त गरे।

प्रतिष्ठानकी नसिंङ डीन सराला गौतमले आमाहरुलाई बचाउनका लागि नसिंङ क्षेत्रमा विकास आवश्यक रहेको बताइन्। उनले भनिन्,' विगत तीन वर्षदेखि जिल्लाको मातृशिशु मृत्युदर शून्य रहेको छ। पछिल्लो समयमा आमाको प्रसूतिका कारण मृत्यु हुने गरेको छैन, उनले भनिन्,' नसिंङ क्षेत्र सुधार उन्मुख भएका कारणले यो संभव भएको हो।' प्रतिष्ठानमा यसै वर्षदेखि ब्याचरल इन पब्लिक हेल्थ (बिपिएच) अध्यापन सुरु हुने भएको छ। स्वास्थ्य व्यावसायिक परिषद्को गत असोज ६ गते बसेको बैठकले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बिपिएच कार्यक्रम सञ्चालन गर्नका स्वीकृती दिइसकेको छ।

परिषद्ले सो कार्यक्रमका लागि २० सिट निर्धारण गरेको छ। प्रतिष्ठानका रजिष्ट्रार विश्वराज काफ्लेले भने,' परिषद्को टोलीले अनुगमन गरिसेको छ। प्रतिष्ठानले एमडी एन जनरल प्राक्टिस (एमडिजिपी) अध्यापनका लागि सम्पूर्ण तयारी गरिएको छ।


## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौँ।

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्।
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्रीउत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३

**इमेल** : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com



बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित

मिसन न्यूज

Mission News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल. कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट